कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

विषय विज्ञहरुको सूची (Roster) को लागि दरखास्त आह्वान सम्बन्धी सूचना।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ८ को उपदफा (१) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रुपमा सूचीकरण हुने सम्बन्धी पर्यटन, वन तथा वातावरण मन्त्रालयको सार्वजनिक सूचना।**

कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन र यससँग सम्बन्धित क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची, वातावरणीय व्यवस्थापन योजना, पूरक वातावरणीय अध्ययन प्रतिवेदनहरूमा राय सुझाव दिनको लागि कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४७ बमोजिम आवश्यकतानुसार विषय विज्ञ समेत रहने मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्न सक्ने व्यवस्था भए बमोजिम विषय विज्ञहरुलाई विज्ञको रूपमा यसअघि सूचीकृत भईसकेका समेतलाई कायम राख्ने (यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाता विषयविज्ञको रुपमा संलग्न भएका सूचीकृत विज्ञहरु रोष्टरबाट स्वतः हट्ने) र थप विषय विज्ञ सूचीकृत हुनको लागि देहायको योग्यता र अनुभव भएका विषय विज्ञका लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रथम पटक प्रकाशित मिति वि.सं.२०८३/०५/०३**

कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४७ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागि यस मन्त्रालयको सूचनापाटी र वेभसाइटमा मिति २०८३/०५/०३ गते देखि लागु हुने गरी १५ (पन्ध्र) दिनको म्याद राखी दरखास्त आह्वान गरिएको व्यहोरा कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालय (प्रदेश सचिवस्तर) को मिति २०८३/०५/०२ को निर्णयानुसार अनुरोध छ ।

१. कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ८(२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न इच्छुक महानुभावहरूले तपसिलमा उल्लिखित प्रावधानहरूको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्बन्धी जानकारी यस मन्त्रालयको सूचना पाटी र https://motfe.koshi.gov.np/ मा समेत राखिएको ब्यहोरा अनुरोध छ ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## २. आवश्यक शैक्षिक योग्यताः-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र विदेशी शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेकाको हकमा प्रचलित कानून बमोजिम समकक्षता लिएको हुनु पर्नेछ ।

(ख) वातावरण इञ्जिनियरिङ्ग वा सिभिल इञ्जिनियरिङ्ग वा हाईवे इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाईड्रोपावर इञ्जिनियरिङ्ग वा जियो टेक्निकल इञ्जिनियरिङ्ग वा जियोलोजी इञ्जिनियरिङ्ग वा माइनिङ्ग इञ्जिनियरिङ्ग वा कृषि इञ्जिनियरिङ्ग वा केमिकल इञ्जिनियरिङ्ग वा औद्योगिक इञ्जिनियरिङ्ग वा बायो-केमिकल इञ्जिनियरिङ्ग वा बायो-मेडिकल इञ्जिनियरिङ्ग वा मेकानिकल इञ्जिनियरिङ्ग वा रेल्वे इञ्जिनियरिङ्ग वा मेटालर्जिकल इञ्जिनियरिङ्ग वा आर्किटेक्ट इञ्जिनियरिङ्ग वा शहरी विकास योजना वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा भूगोल वा सम्बन्धित अन्य विषयहरू ,

(ग) स्वास्थ्य वा जनस्वास्थ्य विज्ञान वा चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन वा माईक्रोबायलोजी वा फोहोरमैला व्यवस्थापन वा सम्बन्धित अन्य विषयहरु,

घ) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा सम्बन्धित अन्य विषयहरु,

(ङ) कृषि विज्ञान वा पशु विज्ञान वा सम्बन्धित अन्य विषयहरु,

(च) समाजशास्त्र वा मानवशास्त्र वा अर्थशास्त्र वा पुरातत्वशास्त्र वा दीगो विकास वा योजना व्यवस्थापन वा वित्त व्यवस्थापन वा सम्बन्धित अन्य विषयहरु,

(छ) वातावरण कानून वा सम्बन्धित अन्य विषयहरु,

(ज) जीव विज्ञान वा वनस्पति विज्ञान वा सम्बन्धित अन्य विषयहरु,

(झ) वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण सम्बन्धी अन्य विषय ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**३. कार्य अनुभवः-**

देहाय बमोजिमको कार्य अनुभव भएको हुनुपर्नेः

(क) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारवाट मान्यता प्राप्त संस्थामा कम्तीमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन प्रतिवेदन पुनरावलोकन वा स्वीकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा

(ख) उल्लेखित शैक्षिक योग्यता हासिल गरी वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तीमा ५ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा

(ग) उल्लेखित शैक्षिक योग्यता हासिल गरि उल्लेखित विषयमा स्नातक वा सो भन्दा माथिल्लो तहमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको वा कार्य अनुभव भएको वा

(घ) विगत तीन वर्ष देखि वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रूपमा रही काम गरेको।

**४. दरखास्त फारम साथ संलग्न गरिनुपर्ने आवश्यक कागजातहरू:-**

(क) वैयक्तिक विवरण
(ख) उच्चतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि (समकक्षता आवश्यक पर्नेमा सो समेत)
(ग) कार्य अनुभव सम्बन्धी प्रमाणित प्रमाणपत्र
(घ) वातावरणीय अध्ययन सम्बन्धी तालिम प्रदान गर्न सम्बन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी ।
(ङ) कम्तीमा गत आ.व. देखि यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाताको विषयविज्ञको रूपमा संलग्न नभएको भनी विषयविज्ञले स्वःघोषणा निवेदन पेश गर्नुपर्नेछ ।

५. यस अघि Roster भएका विज्ञहरुले पनि यसै सूझाव बमोजिम अद्यावधिंक गर्नु हुन अनुरोध छ ।

कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

विराटनगर, नेपाल

विषय विज्ञहरुको सूची (Roster) को लागि दरखास्त आह्वान सम्बन्धी सूचना।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

६. ईच्छुक महानुभावहरुले सूचना साथ संलग्न दरखास्त फारम भरी शैक्षिक योग्यता र अनुभव सम्बन्धी आवश्यक कागजातहरु यस मन्त्रालयको विद्युतीय पत्राचार ठेगानाः motfe@koshi.gov.np मा पठाई पछि मन्त्रालयवाट माग हुँदा आवश्यक कागजातहरुको छायाँ प्रति पेश गर्नुपर्नेछ ।

७. दरखास्त बुझाउने ठेगानाः- पर्यटन, वन तथा वातावरण मन्त्रालय, विराटनगर, कोशी प्रदेश सम्पर्क नं.: ०२१-४६४०४५

**वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा रहने वातावरण विज्ञहरूको सूची (Roster) मा नाम समावेश गर्ने निवेदन फारम)**

मितिः....................

श्रीमान् सचिवज्यू,
पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कोशी प्रदेश, बिराटनगर ।

तहाँ मन्त्रालय अन्तर्गतको वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा रहने वातावरण विज्ञहरूको सूची (Roster) मा मेरो नाम सूचीकृत गरिदिनु हुन निम्नानुसारको सत्य तथ्य विवरण खुलाई अनुरोध गर्दछु ।

१. नाम थरः

२. जन्म मितिः हालको उमेरः

३. ठेगानाः जिल्लाः न.पा./गा.पा.:

वडा नं.: टोलः

४. हाल बसोबास गरेको ठेगानाः जिल्ला : न.पा./गा.पा.:
वडा नं.: टोलः

५. सम्पर्क

फोन नं.: इमेलः

मोवाइल नं.

६. शैक्षिक योग्यताः

| शैक्षिक योग्यता | प्राप्त गरेको शैक्षिक उपाधि | विश्वविद्यालय | अध्ययन गरेको अवधि | | अध्ययन गरेका मूल विषयहरू | ग्रेड/श्रेणी/प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| विद्यावारिधि (PhD) | | | | | | |
| Masters | | | | | | |

७. बहालबाला भए हालको नोकरी सम्बन्धी विवरण (भएमा २ वटा श्रेणी/तह सम्मको खुलाउने):

| हालको पद | हालको पदमा नियुक्ति मिति | श्रेणी/तह | सेवा | समूह | उपसमूह | प्राविधिक / अप्राविधिक | निजामती/सरकारी/ विश्वविद्यालय/अन्यक्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सेवा निवृत भएको भए अवकाश हुँदाको विवरणः

| अवकाश हुँदाको पद सम्बन्धी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | प्राविधिक /अप्राविधिक | सेवा वर्ष | अवकाश मिति |
| | | | | | | | |
| | | | | | | | |

९. सेवा निवृत्त भएपछि कुनै निकायमा कार्यरत एवं प्रतिनिधि भएको भए सोको पूर्ण विवरणः

१०. प्रकाशित कृति भए मुख्य मुख्य कृतिहरूको नामः

११. अनुसन्धान गरेको भए के-के विषयहरूको अनुसन्धान गरेको हो, सो खुलाउनेः

१२. दक्षताको क्षेत्रः

१३. दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विषय भए खुलाउनेः

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४. सूचनाको सि.नं. ४ को खण्ड (ङ) सगँ सम्बन्धित गत आ.व. देखि परामर्शदाताको विषय विज्ञको रुपमा संलग्न नभएको स्वः घोषणा पेश गर्नः

१५. थप अरु केही भएः

**<u>नोटः</u>**

(क) उल्लेखित विषयको विज्ञको रूपमा कार्य गर्न सम्बन्धित विषयमा अद्यावधिक हुनेछु ।

(ख) आफ्नो ठेगाना, फोन नं., मोवाइल नं. लगायतका अन्य विवरणमा समेत कुनै परिवर्तन भएमा समयमै पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, बिराटनगरलाई जानकारी गराउनेछु ।

.........................................

निवेदकको दस्तखत

*पुनश्चः उल्लेखित विवरण भर्न स्थाना अभाव भएमा छुट्टै पानामा विवरण भरी यसै साथ संलग्न गर्न सकिने छ । उल्लेखित विवरणको आधारमा सूचीमा नाम समावेश गर्ने अधिकार मन्त्रालयमा सुरक्षित रहेनेछ*